# आइपीएम कृषि प्रविधिबारे एक कृषकसँग वार्ता

**कृषि जगत**

पंकजप्रसाद जोशी/अमृत पोखरेल

आधुनिक कृषिप्रणालीमा अत्यधिक रसायनको प्रयोग हुन्छ, चाहे विषादी होस् या मलको रूपमा होस्। उत्पादनलाई असीमित तवरले बढाएता पनि के यो रसायनहरूको प्रयोगले मानव स्वास्थ्य तथा वातावरणमा राम्रो प्रभाब पारेको छ त ? कदापि छैन। आधुनिक कृषिको नाममा प्रयोग भइरहेका विषादी तथा मलले माटो, पर्यावरण तथा स्वास्थ्यमा जटिल समस्या उत्पन्न गराएको छ। यस्ता रसायनले दीर्घकालीन असरका रूपमा क्यान्सरसम्म हुने गरेको कुरा हालसालै भरतपुर क्यान्सर हस्पिटलद्वारा सार्वजनिक गरेको एक रिपोर्टले देखाएको छ। त्यस्तो अवस्थामा रसायनको विकल्प के त ? के रसायन प्रयोगबिना नै उत्पादन बढाउन सकिएला ? आज सबैजसो किसानको मस्तिष्कमा यी साझा प्रश्न बन्न पुगेका छन्। यी विविध प्रश्नहरूको उत्तरका रूपमा एकीकृत शत्रुजीव व्यवस्थापन रसायनको विकल्प बनी उदाएको छ।

एकीकृत शत्रुजीव व्यवस्थापन (आइपीएम) बाली बिरुवाका शत्रुहरू (रोग, कीरा, झारपात, चरा, मुसा आदि)लाई आर्थिक रूपले न्यायोचित, पर्यावरणीय दृष्टिकोणले दिगो तथा सामाजिक रूपमा स्वीकार्य बाली संरक्षण गर्ने एक विधि हो। यसमा भौतिक, जैविक, कृषि कर्ममा आधारित तरिका, आकर्षक रासायन, हर्मोन, रोग कीरा अवरोधक जातको प्रयोगजस्ता व्यवस्थापनका विधिहरूको एकीकृत रूपमा प्रयोग गरिन्छ, जसले गर्दा रासायनिक विषादीहरूको प्रयोगमा कमी हुन आउँछ। किसानमाझमा आइपीएमबारे मिश्रित प्रतिक्रिया पाइन्छ। अझै पनि किसानहरू आइपीएमबाट उत्पादन बढाउन सकिन्छ भनेर विश्वस्त भने हुन सकेका छैनन्। यही कुरालाई मध्यनजर गर्दै हामीले यहाँ एक सफल आइपीएम कृषकको अनुभव प्रस्तुत गर्ने जमर्को गरेका छौं।

चितवनको शुक्रनगर बसकठ्ठामा बसोबास गर्ने अस्रफमिया महतो आइपीएम जगत्मा एक चिरपरिचित नाम हो। नेपाल जनस्वास्थ्य प्रतिष्ठानद्वारा सञ्चालित कृषि, स्वास्थ्य र वातावरण परियोजनाले प्रदान गरेको आइपीएम तालिमपश्चात् उनले आइपीएम जगत्मा पाइला चालिन्। उनका अनुभव हामीले यसरी प्रश्न–उत्तरका रूपमा प्रस्तुत गरेका छौं :

१. तपाईंको छोटो परिचय दिनुस् न।

– मेरो नाम अस्रफमिया महतो हो। मेरो जन्म एउटा विपन्न थारू परिवारमा भएको थियो। आर्थिक अवस्था कमजोर भएका कारण नै म पढाइबाट वञ्चित हुन पुगेँ। मेरो जीवनका अनेकन आरोह–अवरोहहरूले मलाई अभागी भएको आभास हुन्थ्यो। मेरो जीवनको पूर्वसन्ध्यामा मैले साहूको जमिन भाडामा लिई खेतीपातीबाटै जीविकोपार्जन गरेको छु।

२. आइपीएमबारे जानकारी कहाँबाट पाउनुभयो ?

– म साना किसान सहकारीको सदस्य भएँ। यस संस्थामा नेपाल जनस्वास्थ्य प्रतिष्ठानले जब आइपीएम तालिमको व्यवस्था गऱ्यो, मैले पनि यसमा सहभागी हुने सुनौलो अवसर प्राप्त गरेँ। अव्यवस्थित घरायसी कारण र कमजोर शैक्षिक अवस्थाले यस तालिममा मैले सहभागी नहुने विचार गरेँ। तर, सहकारी र परियोजनाका कर्मचारीको निरन्तर सल्लाहले म सहभागी भएँ। मेरा लागि यो एउटा कोशेढुङ्गा र प्रेरणाको स्रोत बन्न पुग्यो।

३. आइपीएम तालिमबाट तपाईंले पाउनुभएको उपलब्धि के हो ?

– यस तालिमबाट मलाई विषादीको नकारात्मक असर र सुरक्षित विषादी प्रयोगका बारेमा ज्ञान बढ्दै गयो। यस तालिमबाट शत्रु र मित्रजीवका बारेमा पनि जानकारी पाएकोमा म खुसी छु। केही वर्षअगाडि विषादी छर्दा हातमुख नछोपी, शरीरलाई नढाकी नै छर्ने गर्थें। यस तालिमको अन्त्यमा मलाई विषादी छर्कंदा लगाउनु पर्ने सुरक्षित उपकरण प्रदान भयो, जसले मलाई तत्कालीन अवस्थामा विषादीबाट टाढा राख्यो। यस तालिमबाट घरमै उपलब्ध भएका सामग्रीबाट कीटनाशक तथा जैविक मल बनाउन सिकेँ। अहिले म घरमै मल तथा जैविक विषादी बनाउन सक्षम भएको छु। यो प्रविधि अपनाएकै कारण जिल्ला कृषि विकास कार्यालयले सुरक्षित विषादी भण्डारण बाकस सम्मानस्वरूप उपलब्ध गरायो।

४. तपाईंले विषादीको प्रयोगले स्वास्थ्यसम्बन्धी केही समस्या भोग्नुभएको थियो ?

– असुरक्षित विषादीको प्रयोगले मलाई शरीर सुन्निने, चिलाउने, पोल्ने, कमजोर हुने, टाउको दुख्ने, आँखा धमिलो हुनेजस्ता असर देखा परेका थिए। यस्ता समस्या मलाई मात्र नभई छरछिमेकमा पनि देखिन्थ्यो। सुरुमा गुरुबाहरूलाई देखाउने, झारफुक गर्नेजस्ता अन्धविश्वासबाट नै उपचार गराइरहेँ, तर जब तालिम प्राप्त गरेँ त्यो सब विषादीका कारण भएको रहेछ भन्ने प्रस्ट भयो।

५. अहिले तपाईंको गाउँमा विषादी प्रयोगको अवस्था के छ ?

– अहिले अवस्था फेरिएको छ। मैले ती मेरा विगतका गल्तीको समीक्षा गरेकी छु। हाल मैले जैविक विषादी उत्पादनमा जोड दिन थालेको छु। गाईको गउँत, नीमपत्ता, हर्रो, बर्रो आदिको प्रयोग गरेर भिटामिन बनाउने प्रक्रियाको आफैँले थालनी गरेको छु, जसका कारणबाट मित्रजीवलाई कुनै हानि नगरी शत्रुजीवलाई असर गर्दछ। मैले तालिमका दौरानमा रोग कीराका बारेमा धेरै जानकारी पाएँ, जसका कारण मेरो आत्मविश्वास बढेको छ।

६. तपाईंका विचारमा आइपीएम खेती प्रविधिका चुनौतीहरू के के हुन सक्लान् ?

– सुरुमा त बजार मूल्यलाई नै दोष दिन्छु म। हामीले धेरै मेहनतका साथ जैविक तरकारी उत्पादन गरेका हुन्छौं, तर उचित बजार मूल्य नहुँदा हामी मारमा परेका छौं। उपभोक्ता स्तरमा पनि रासायनिक र जैविक तरकारीबीचको अन्तरका बारेमा ज्ञान नहुँदा जैविक तरकारीको माग छैन। त्यसकारण, यसको प्रमुख चुनौती भनेको उचित बजार व्यवस्थापन नै हो।

७. तपाईंको आगामी योजना र अपेक्षा के छ ?

– त्यहाँबाट सिकेको ज्ञान अहिले म सबैतिर बाँडिरहेकी छु। मैले तालिम प्राप्त गरिसकेपछि आफ्नै समुदायमा छहारी आइपीएम कृषक समूहको स्थापना गरेँ। अहिले हामी जैविक विषादी र मल प्रयोग गरी खेती गर्छौं र अरूलाई आइपीएम खेती गर्न प्रेरित गर्छु। अबका दिनमा जनचेतनामूलक काम गर्दै स्वस्थ बाली उत्पादन गर्नतर्फ सबैलाई अग्रसर गराउने लक्ष्य छ। सम्बन्धित निकायले रासायनिक खेतीलाई निरुत्साहित गर्दै आइपीएम खेतीलाई प्रोत्साहन गर्न विभिन्न कार्यक्रम ल्याउने छ भन्ने मेरो अपेक्षा छ।



